# आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्य

बित्थडचिर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देउलेख, बझाङ

सुदूरपश्चिम प्रदेश, नेपाल

सभाध्यक्ष महोदय,

गाउँसभाका सदस्य ज्यू हरु, उपस्थित विभिन्न राजनितिकदलका प्रमुख तथा प्रतिनिधि ज्यू, गाउँपालिका अन्तरगत कार्यरत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्र हरु, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधि ज्यू हरु उपस्थित संचारकर्मी तथा सुरक्षाकर्मी मित्रहरु,

यस बित्थडचिर गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक को हैसियतमा यस सम्मानित गाउँसभामा आ.व. २०७९/०८० को बजेट वक्तव्य प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित तथा हर्षित भएकी छु ।

मुलुक संघिय शासन प्रणालीम गए पश्चात जारी नेपालको संघिय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले गरेको संबैधानीक व्यवस्था अनुरुप भएको स्थानिय तहको ऐतिहाँसिक दोस्रो निर्वाचन वाट निर्वाचित गाउँसभामा गाउँपालिकाको दोस्रो निर्वाचित स्थानिय सरकारको पहिलो वार्षिक कार्यक्रम तथा बजेट यहाँहरु माझ लिएर उपस्थित भएकी छुँ ।मुलुक लाई आजको अवस्था सम्म ल्याई पुर्याउन योगदान गर्नु हुने सम्पूर्ण राजनीतिक दलका अग्रज हरु, मुलुकको राजनैतिक, आर्थिक एवं सामाजिक परिवर्तनका लागी भएका विभिन्न ऐतिहाँसिक आन्दोलन एवं संघर्षमा जिवनको बलिदान गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु, घाईते तथा बेपत्ता परिवार प्रति उच्च सम्मान सहित स्मरण गर्दछुँ ।राज्यसत्ताका मालिक परिवर्तनका हिमायती नागरिक समाजका अग्रज तथा सम्पूर्ण बित्थडचिर गाउँपालिका वासी लाई सम्झदै सम्मान प्रकट गर्दछुँ ।

श्रद्धेय सभाध्यक्ष महोदय, बिगत ३ वर्ष यता विश्व नै कोरोना भाईरस Covid-19 वाट आक्रान्त छ । यसका नयाँ-नयाँ प्रजातीहरु विकसित हुने क्रम जारी छ । अहिले सम्म पनि कोरोना को जोखिम कायमै रहेको छ साथै यस्तै किसिमका अन्य महामारी तथा विपदहरु समेत आउने जोखिम छ । यस किसिमको विपद तथा महामारी वाट ज्यान गुमाउने प्रति श्रद्धान्जली सहित परिवारजन प्रति समवेदना प्रकट

गर्दछुँ । साथै विपद तथा महामारीको समयमा जोखिम मोल्दै खटिनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायत सबै प्रति उच्च सम्मान समेत व्यक्त गर्दछुँ ।

श्रद्धेय सभाध्यक्ष महोदय, सम्मानित गाउँसभामा पेश भएको बित्थडचिर गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम मा उल्लेखित वर्तमान स्थानिय सरकारको लक्ष्य तथा उदेश्य अनुरुपका कार्यक्रमहरु लाई मुर्तरुप दिन तथा कार्यान्वयन गर्न आर्थिक वर्ष २०७७/०७८ को यथार्थ बजेट, आर्थिक वर्ष २०७८/०७९ को संशोधित बजेट र आगामी आर्थिक वर्ष २०७९/०८० को अनुमानित बजेट यस सम्मानित सभामा प्रश्तुत गर्ने अनुमति चाहन्छु ।

**अब म आ.व. २०७७/०७८ को यथार्थ आय व्ययको विवरण यस सम्मानित सभामा प्रश्तुत गर्दछुँ ।**

| सि न | बजेट स्रोत | जम्मा बजेट | कैफियत |
|---|---|---|---|
| १ | वित्तिय समानिकरण अनुदान संघ सरकार | १० करोड ४० लाख | |
| २ | सशर्त अनुदान संघ सरकार | १५ करोड ८१ लाख ५९ हजार ८० | |
| ३ | राजश्व बाँडफाँड संघ सरकार | ६ करोड ५० लाख ३३ हजार ४ सय ४० | |
| ४ | सामाजिक सुरक्षा तर्फ | **६ करोड ८१ लाख ६८ हजार** | |
| ५ | समपुरक अनुदान संघ सरकार | **१ करोड ६० लाख** | |
| ६ | विषेश अनुदान संघ सरकार | **१ करोड ५० लाख** | |
| ७ | वित्तिय समानिकरण अनुदान प्रदेश सरकार | **६९ लाख ९४ हजार** | |
| ८ | सशर्त अनुदान प्रदेश सरकार | ४१ लाख १२ हजार | |

| | | | |
|---|---|---|---|
| ९ | बिशेस अनुदान प्रदेश सरकार | ६८ लाख | |
| १० | समपुरक अनुदान प्रदेश सरकार | १ करोड ३२ लाख २५ हजार | |
| ११ | राजश्व बाँडफाँड प्रदेश सरकार | १३ लाख ८० हजार | |
| १२ | गत वर्षको अल्या | १ करोड ६२ लाख ७४ हजार ९ सय ७० | |
| १३ | आन्तरिक आम्दानी | ५० लाख | |
| १४ | युनिसेफ कार्यक्रम तर्फ | ४२ लाख ४८ हजार ५८ | |
| १५ | एकिकृत पूर्वाधार साँझेदारी कार्यक्रम | १५ लाख | |
| १६ | स्थानियतह प्रशासकीय भवन पूर्वाधार विकाश कार्यक्रम | १८ लाख | |
| १७ | एकिकृत स्वास्थ्य पूर्वाधार विकाश कार्यक्रम | ३ करोड २३ लाख ३० हजार | |
| | जम्मा आय | ५२ करोड २४ लाख ५ सय ४८ | |
| | जम्मा खर्च | ४६ करोड ६८ लाख ७५ हजार ६ सय ८६ | |
| | बाँकी बजेट | ५ करोड ५५ लाख २४ हजार ८ सय ६२ | |

श्रद्धेय अध्यक्ष ज्यु , अब म चालु आ.व. २०७८/०७९ को संशोधित आय व्ययको विवरण यस सम्मानित सभामा पेश गर्दछुँ ।

| क्र स | बजेट स्रोत | जम्मा बजेट | कैफियत |
|---|---|---|---|
| १ | वित्तिय समानिकरण अनुदान संघ सरकार | १० करोड ७५ लाख | |
| २ | सशर्त अनुदान संघ सरकार | १७ करोड २६ लाख | |
| ३ | विषेश अनुदान संघ सरकार | १ करोड २६ लाख | |

| | | | |
|---|---|---|---|
| ४ | समपुरक अनुदान संघ सरकार | १ करोड ३७ लाख | |
| ५ | राजश्व बाँडफाँड संघ सरकार | ६ करोड ५४ लाख ९१ हजार | |
| ६ | वित्तिय समानिकरण प्रदेश सरकार | ७६ लाख ५५ हजार | |
| ७ | सशर्त अनुदान प्रदेश सरकार | १५ लाख ४ हजार | |
| ८ | विषेश अनुदान प्रदेश सरकार | ५० लाख | |
| ९ | समपुरक अनुदान प्रदेश सरकार | ३७ लाख | |
| १० | राजश्व बाँडफाँड प्रदेश सरकार | ११ लाख ६७ हजार | |
| ११ | गत वर्षको अल्या | १ करोड ८० लाख ९ हजार ५ सय ७७ | |
| १२ | आन्तरिक आम्दानी | ६० लाख | |
| १३ | सामाजिक सुरक्षा तर्फ | ९ करोड १० लाख ७५ हजार ९ सय २० | |
| १४ | यूनिसेफ कार्यक्रम | ४१ लाख २६ हजार ५ सय २६ | |
| १५ | एकिकृत स्वास्थ्य पूर्वाधार विकाश | १ करोड २५ लाख ९९ हजार | |
| | जम्मा आम्दानी तर्फ | ५२ करोड २७ लाख २८ हजार २३ रुपैया | |
| | हाल सम्मको जम्मा खर्च तर्फ | ३७ करोड १८ लाख २८ हजार ५ यस | |
| | बाँकी बजेट | १५ करोड ८ लाख ९९ हजार ५ सय २३ | |

सभाध्यक्ष महोदय, अब म आगामी आ.व. २०७९/०८० को अनुमानित आयको विवरण यस सम्मानित सभामा प्रश्तुत गर्दछुँ ।

| क्र स | बजेट स्रोत | बजेट रकम | कैफियत |
|---|---|---|---|
| १ | वित्तिय समानिकरण अनुदान संघ | ११ करोड २९ लाख | |

| | | | |
|---|---|---|---|
| २ | सशर्त अनुदान संघ | १७ करोड २८ लाख | |
| ३ | विशेष अनुदान संघ | ५५ लाख | |
| ४ | समपुरक अनुदान संघ | १ करोड २० लाख | |
| ५ | राजश्व बाँडफाँड संघ | ७ करोड ९३ लाख ३५ हजार | |
| ६ | वित्तिय समानिकरण अनुदान प्रदेश सरकार | ८० लाख ७७ हजार | |
| ७ | विषेश अनुदान प्रदेश सरकार | २५ लाख | |
| ८ | समपुरक अनुदान प्रदेश सरकार | ७४ लाख ६५ हजार | |
| ९ | राजश्व बाँडफाँड प्रदेश सरकार | १३ लाख ६२ हजार | |
| १० | आन्तरिक राजश्व | ४० लाख | |
| ११ | सामाजिक सुरक्षा तर्फ | १२ करोड | |
| १३ | यूनिसेफ कार्यक्रम | २२ लाख | |
| १४ | CMC नेपाल | २२ लाख ६७ हजार ६ सय २३ | |
| | आगामी आ व २०७९/०८० को कुल अनुमानित आय | ५३ करोड ४ लाख ६ हजार ६ सय २३(५३,०४,०६,६२३) | |

श्रद्धेय अध्यक्ष महोदय, अब म माथि उल्लेखित आगामी आ.ब. २०७९/८० को अनुमानित कुल बजेटमा चालु तर्फ रु २८ करोड ६२ लाख ६४ हजार ६ सय २३ (२८,६२,६४,६२३/-) , पुँजिगत तर्फ रु १३ करोड ४१ लाख ४२ हजार (१३,४१,४२,०००/-), संघिय सरकार वाट प्राप्त हुने सामाजिक सुरक्षा कार्यक्रम तर्फ को अनुमानित बजेट रु १२ करोड (१२,००,००,०००/-) खर्च प्रश्ताव गरिएको व्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गर्दछुँ ।

आगामी आ.व. २०७९/०८० को लागि स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले गरेको निर्णयानुसार तपसिल बमोजिमको विनियोजित बजेट पेश गर्दछुँ ।

| क स | विवरण | प्रस्तावित बजेट | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका भित्रका गौरवका आयोजना | १ करोड | |
| २ | संघ तथा प्रदेश समपुरक अनुदानका आयोजना | १ करोड ३८ लाख ६४ हजार | |
| ३ | विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु सँग समन्वय/म्याचिङ फन्ड | १५ लाख | |
| ४ | न्यायीक क्षेत्र र स्वास्थ्य सेवा प्रबर्धन तथा विस्तार | २९ लाख | |

अब म विषयगत तथा क्षेत्र गत रुपमा गरिएको बजेट विनियोजन यस सम्मानित सभामा पेश गर्दछुँ ।

| क स | विषयगत क्षेत्र | बजेट | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक विकास | ५७ लाख ४३ हजार ३ सय १० | |
| २ | सामाजिक विकास | ५ करोड १२ लाख ८४ हजार | |
| ३ | भौतिक पूर्वाधार विकास | १ करोड | |
| ४ | वन वातावरण तथा विपद व्यवस्थापन | ३१ लाख ५० हजार | |
| ५ | सुशासन तथा संस्थागत विकास | २९ लाख ३० हजार | |

सभाध्यक्ष ज्यू, यस गाउँपालिका अन्तरगतका ९ वटै वडा हरुमा प्रति वडा लाई रु २२ लाख का दरले जम्मा रु १ करोड ९८ लाख वडा विकास कार्यक्रमका लागि विनियोजन गरेको व्यहोरा सम्मानित सभा लाई जानकारी गर्दछुँ ।

राजश्व बाँडफाँड वाट प्राप्त हुने अनुमानित रकम रु ८ करोड ७४ लाख १२ हजार चालु खर्च तर्फ विनियोजन प्रश्ताव गरेकी छु ।

श्रद्धेय सभाध्यक्ष महोदय,

अब म माथि उल्लेखित आ व २०७९/०८० को बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि तपसिल बमोजिमका विधेयक हरु यस सम्मानित सभामा पेश गर्दछुँ ।

१. बित्थडचिर गाउँपालिकाको आर्थिक विधेयक- २०७९
२. बित्थडचिर गाउँपालिकाको विनियोजन विधेयक-२०७९

सभाध्यक्ष ज्यू तथा गाउँ सभा सदस्य ज्यू हरु यस बित्थडचिर गाउँपालिकाको दोस्रो स्थानियतह सदस्य निर्वाचन वाट निर्वाचित स्थानिय सरकारले यस सम्मानित सभामा पेश गरेको नीति तथा कार्यक्रम कार्यान्वयनका लागी मैले पेश गरेको बजेट कोशेढुङ्गा सावित हुनेछ । यस गाउँपालिकाको सामाजिक, भौतिक, आर्थिक लगायत सम्पूर्ण क्षेत्रको विकासमा सुधार भई जनताको जनजिविकाको सवालमा व्यापक परिवर्तन हुनेछ र दुर दराजका जनताले स्थानीय सरकारको प्रभावकारी उपस्थिति महशुस गर्नेछन भन्ने विश्वास लिएकी छुँ । प्रश्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सम्पूर्ण निर्वाचित टिम, आम गाउँपालिका वासी तथा सरोकारवाला सबै बाट सकारात्मक सहयोग तथा रचनात्मक सुझाब तथा सल्लाहको अपेक्षा गरेकी छुँ ।

प्रश्तुत बजेट तयार पार्न मार्ग-निर्देश गर्नु हुने आदरणिय अध्यक्ष ज्यू, सहयोग गर्नु हुने सम्पूर्ण वडाध्यक्ष ज्यू हरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू , कार्यपालिका अन्तरगतका विभिन्न विषयगत समितिका संयोजक तथा सदस्य ज्यू हरु , गाउँपालिकाका शाखा प्रमुख कर्मचारी मित्रहरु, स्थानिय समाजसेवी बुद्धीजिवी लगायत आम बित्थडचिर वासी नागरीकहरुमा हृदय देखि नै आभार व्यक्त गर्दछु साथै धन्यवाद समेत दिन चाहान्छुँ ।

# धन्यवाद ।

धनलक्ष्मी कुमारी सिंह मल्ल

उपाध्यक्ष